दर्ता नं. ०३३२/०७८/७९
पान नं. : ६१७८६०४५१

# स्वदेशी
## बहुउद्धेश्यीय सहकारी संस्था लि.
## Swadeshi Multipurpose Co-operative Ltd.



# 2nd
## ANNUAL REPORT
FISCAL YEAR 2079/080

स्वदेशी बहुउद्धेश्यीय
सहकारी संस्था लिमिटेड
काठमाडौं

# दोस्रो
# वार्षिक साधारण सभा
## आर्थिक वर्ष २०७९/०८०


का.म.न.पा.-१, नक्साल, काठमाडौं
०१-५९११३८२
०१-५९११३८३
०१-५९११३८४
swadcoop@gmail.com
www.swadeshisahakari.com

# सञ्चालक समिति



महेश कुमार अग्रवाल
अध्यक्ष



सुमन गौतम
उपाध्यक्ष



आशिष कुमार अग्रवाल
सचिव



हेमन्त नाहटा
कोषाध्यक्ष



सुरेश कुमार अग्रवाल
सदस्य



पुरुषोतम अग्रवाल
सदस्य



भोला नाथ कँडेल
सदस्य

# लेखा सुपरिवेक्षण समिति



सुजन श्रेष्ठ
संयोजक



राकेश कुमार महतो
सदस्य



मिलन नापित
सदस्य



पहिलो साधारण सभा २०७९ को उद्घाटन गर्नुहुँदै अध्यक्ष




पहिलो साधारण सभा २०७९ मा उपस्थिति सञ्चालक तथा अतिथिहरु



पहिलो साधारण सभा २०७९ मा उपस्थित सदस्यको नामावली दाखिला गर्दै



पहिलो साधारण सभा २०७९ मा उपस्थित कर्मचारीहरु

*Regd. No.: 0332/078/79*

**स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**Swadeshi Multipurpose Co-operative Ltd.**
**का.म.न.पा.-१, नक्साल, काठमाडौं, फोन नं. : ०१-५९११३८२/८३/८४**

च.नं. : मिति : २०८०/०५/०३

श्री ..................................................

..................................................

विषय : **दोस्रो वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस संस्थाको मिति २०८०/०५/०३ गते बसेको सञ्चालक समितिको ३८औं बैठकको निर्णयानुसार यस संस्थाको दोस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सदस्य महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८०/०६/०३ गते (तद्नुसार 20th September, 2023), बुधबार
समय : बिहान ११:०० बजेदेखि
स्थान : लिसारा रिसेप्सन्स (Lisara Receptions) को सभाहल, नक्साल-१, काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

१. आ.व २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२. आ.व २०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
३. आ.व २०७९/८० को लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।
४. आ.व २०८०/८१ को प्रस्तावित वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।
५. आ.व २०८०/८१ को लागि बाह्य लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. विनियम संसोधन तथा पुनर्लेखन सम्बन्धमा ।
७. आन्तरिक कार्यविधि संसोधन तथा स्वीकृति सम्बन्धमा ।
८. आ.व २०७९/८० को सञ्चालक समिति बैठकको निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।
९. सेवा केन्द्र खोल्ने सम्बन्धमा ।
१०. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११. विविध

**आशिष कुमार अग्रवाल**
सचिव

# परिचय

## १. संक्षिप्त पृष्टभूमि :

वि.सं. २०७८ साल फागुन ११ गते बागमती प्रदेश अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, हेटौडा, मकवानपुरमा विधिवत रूपमा स्वदेशी  बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रूपमा दर्ता भई काठमाडौं महानगरपालिकाको व्यापारिक केन्द्र नक्सालको वडा नं. १ मा मुख्य कार्यलय स्थापना गरी सहकारी सिद्धान्त, मूल्य र मान्यताहरूलाई अवलम्बन गरी वित्तीय सेवा सुचारू गरिएको थियो ।




## २. कार्यक्षेत्र:

यस स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको कार्यक्षेत्र काठमाडौं महानगरपालिका र टोखा नगरपालिका रहेको छ ।

## ३. विशेषता

- स्थापित व्यवसायीहरूबाट प्रवर्द्धित,
- १० करोडको हाराहारी चुक्ता पुँजी भएको
- वित्तीय क्षेत्रमा विज्ञता भएको सञ्चालक समिति
- आन्तरिक सुशासन मजबुत रहेको

## ४. बचत खाता तथा ब्याजदर

| क्र.स. | बचतको प्रकार | ब्याजदर |
|---|---|---|
| १ | स्वदेशी साधारण बचत | ६.७५% |
| २ | स्वदेशी विशेष बचत | ७.२५% |
| ३ | स्वदेशी धनवर्षा बचत | ७.७५% |
| ४ | स्वदेशी बाल बचत | ७.७५% |
| ५ | कर्मचारी बचत | ७.७५% |
| ६ | सर्वगुणी नारी बचत | ७.७५% |
| ७ | स्वदेशी स्वास्थ्य बचत | ७.७५% |
| ८ | स्वदेशी सुनौलो बचत | ८.००% |
| ९ | स्वर्ण लक्ष्मी बचत | ७.७५% |
| १० | स्वदेशी सहयात्री त्रमिक बचत | १०.७५%-११.२५% |
| ११ | आवधिक बचत | ११.२५%-१२.५०% |

## ५. ऋण सेवा तथा ब्याजदर

| क्र.स | ऋणको प्रकार | ब्याजदर |
|---|---|---|
| १ | व्यापारिक कर्जा | १६% |
| २ | सामुहिक जमानी कर्जा | १६% |
| ३ | घर निर्माण कर्जा | १६% |
| ४ | मुद्दति बचत कर्जा | १६% |
| ५ | कृर्षी कर्जा | १६% |
| ६ | उद्यमशीलता कर्जा | १६% |
| ७ | व्यावसायिक कर्जा | १६% |

## ६. अन्य सुविधाहरू

यस संस्थाले सूर्य ज्योति लाईफ इन्स्योरेन्स र सिद्धार्थ ईन्स्योरेन्सबाट स्वास्थ्य बचत तथा स्वदेशी क्रमिक बचत खाता खोलि सञ्चालन गर्ने बचतकर्ताहरूको दुर्घटना बीमा तथा स्वस्थ्य बीमाको व्यवस्था गरिएको छ । त्यस्तै, RB Diagnostic center Pvt. Ltd सँग सहकार्य गरी शेयर सदस्यहरूलाई स्वास्थ्य जाँचमा २०% सम्म छुट हुने गरी सुविधा प्रदान गरिएको छ ।

# स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.को दोस्रो वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री महेश कुमार अग्रवाल ज्यूद्वारा प्रस्तुत प्रतिवेदन आ.व. २०७९/८०

यस स्वदेशी बहुउद्देश्यीय सहकारी संस्थाको गरिमामय दोस्रो वार्षिक साधारणसभामा उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, आदरणीय शेयर सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, संस्थाका कर्मचारी मित्रहरू, संस्थाका शुभेच्छक तथा शुभचिन्तक सबैमा यस स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि. को तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन गर्दछु । यस गरिमामय दोस्रो साधारणसभा समक्ष सञ्चालक समितिका तर्फबाट संस्थाको दोस्रो वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७९/८० समग्र रूपमा आर्थिक क्रियाकलापका हिसाबमा त्यति विगतका वर्षहरूको दाजोमा संन्तोषजनक नरहेको देखिन्छ । समग्र देशको आर्थिक कृयाकलापमा सुस्थता आएसँगै वस्तु तथा सेवाको उत्पादन तथा वितरण, आयत, निर्यातमा कमी भई देशको अर्थतन्त्रमा नकरात्मक असर परेको अवस्था छ । आर्को तर्फ मुद्रास्फीति (Inflation) तोकिएको सीमा भन्दा बढी रहदा महँगाई वृद्धि भएको जसको प्रत्यक्ष असर दैनिक जिवनमा जो कोहीलाई परेको महशुस गर्न सक्निछ । यसरी देशको अर्थतन्त्रमा भएको असन्तुलनको कारण त्यसको असर प्रत्यक्ष बैंक तथा वित्तीय संस्थाहरूमा परेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा बढ्दै गएको र उधोगी व्यवसायीहरूले कर्जा तिर्न नसकी आत्माहत्या, आत्मादोहन जस्ता अप्रिय बाटो समेत रोजेको पाइएको छ । विदेशी विनिमय सञ्चितिमा आएको संकुचनले आ.व. २०७९/८० को प्रारम्भ तिरैदेखि आयतमा गरिएको कडाईको फलस्वरूप नेपाल सरकारको राजश्व संकलनमा धेरै नै कमी भई सरकारी खर्च समेत धान्न नसक्ने अवस्था आएको छ । विश्व जगतमा देखिएको मन्दी, रसिया-युक्रेन युद्ध र देशकै व्यापार व्यवसायमा देखिएको अन्योलताको कारण आ.व. २०७९/८० को अन्त्यतिर बैंक वित्तीय संस्थाहरूमा तरलता बढ्दै गएता पनि कर्जाको विस्तार अपेक्षित हुन सकेन । यस्तो परिस्थितिबाट सहकारी क्षेत्र पनि अछुतो हुन भने सकेन । अझ राम्रो मानिएका केही सहकारीहरूको गलत अभ्यास, फितलो नियमनकारी अनुगमनको कारण समस्या आउँदा धेरै निक्षपकर्ताको रकम जोखिममा परेको छ । आम सदस्यहरूमा सहकारी क्षेत्रको छबीमा नै नकरात्मक टिकाटिप्पणीमा बल पुगेको मेरो बुझाई रहेको छ । जसका कारण असल सदस्यहरू पलाएन हुने अवस्था पनि सिर्जना भएको छ ।

२०७८ फागुन ११ गतेबाट वित्तीय सेवा सुचारू गरेको यस बहुउद्देश्यीय सहकारीले पहिलो वर्ष पार गरेको छ । वित्तीय बजारमा देखिएको यस किसिमको विषम परिस्थितिबाट यस संस्था अछुतो रहन नसकेता पनि वर्षभरी नै तदारूकताका साथ सञ्चालकहरू तथा व्यवस्थापनको कुशल नेतृत्व र सदस्यज्यूहरूको अपार साथ, भरोसा र विश्वासको कारण सदस्य वृद्धि, कर्जा विस्तारमा उत्साहजनक सफलता मिलेको छ । त्यस्तै यस आर्थिक वर्षमा नै संस्था सञ्चालन नाफामा आई आ.व. २०७८/०७९ मा रहेको सञ्चित नोक्सानी

रू. १६,०९,९३४ समेत समायोजन सहित खुद रू. ३८,२०,६३० नाफा आर्जन गर्न सफल भएका छौ । यसरी सहकारी सिद्धान्तलाई आत्मसाथ गर्दै सहकारी दर्शन, सिद्धान्त, मूल्य मान्यताको पालना गरी छरिएर रहेको बचतलाई एकीकृत गरी पूँजी आवश्यक भएका विभिन्न उत्पादनमुलक क्षेत्र, संस्था, सदस्यहरूलाई पूँजीको व्यवस्था गरी स्वदेश मै स्वरोजगार, उद्यमशीलता विकास गर्ने गरी कार्यक्रम सञ्चालन गर्दै लगिने यस गरिमामय सभामा जानकारी गदछौ । साथै, आउने दिनहरूमा यस स्वदेशी बहुउद्देश्यीय सहकारीले प्रदान गर्दै आएको सेवा सुविधामा विविधिकरण र थप परिष्कृत गर्दै सदस्यहरूलाई उत्कृष्ट सेवा प्रदान गर्ने प्रण गर्दछौ ।

**आदरणीय सदस्य महानुभावज्यूहरू,**

संस्थाको यस गरिमामय दोस्रो वार्षिक साधारण सभामा यहाँहरू समक्ष आर्थिक वर्ष २०७९/०८० को वित्तीय विवरण लगायत अन्य विवरणहरूको साथमा वर्षभरी संस्थाले गरेका मुख्य मुख्य क्रियाकलाप सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरिरहेको छु । अब म सञ्चालक समितिको तर्फबाट संस्थाको आ.व. २०७९/०८० को समग्र आर्थिक कारोवार र संस्थाले हाँसिल गरेका उपलब्धी तथा प्रगतिहरूको विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. सदस्यता

आ.व. २०७९/८० मा ३४४ जना सदस्यहरू वृद्धिसँगै कुल सदस्य ७५५ भएको छ । जुन ८४% को वृद्धि रहको छ । जसमध्ये ४५२ जना पुरूष, २७७ जना महिला र २६ जना अन्य संस्थागत तथा नाबालक सदस्यहरू रहेका छन् ।

| सदस्य प्रकार | सदस्य संख्या | | वृद्धि | वृद्धिदर % |
|---|---|---|---|---|
| | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | | |
| पुरूष | १४४ | ४५२ | ३०८ | २१४% |
| महिला | २५२ | २७७ | २५ | ९.९% |
| अन्य | १५ | २६ | ११ | ७३% |
| **कुल** | **४११** | **७५५** | **३४४** | **८४%** |

## २. शेयर पुंजी

गत आ.व. २०७८/०७९ को असार मसान्तमा रू. ७,५०,७०,८०० रहेको शेयर पुँजी रू. २,४०,८१,४०० थप भई आ.व. २०७९/८० असार मसान्तसम्म कुल रू. ९,९१,५२,२०० वृद्धि भएको छ । जुन ३२.०७% को वृद्धिदर रहको छ ।

## ३. निक्षेप संकलन

यस आ.व. २०७९/०८० को अन्त्य सम्ममा कुल निक्षेप संकलन रू. ३४,३३,५४,०१६ रहेको छ । जसमध्ये मुद्दती निक्षेप, ऐच्छिक बचत र क्रमिक बचत अनुपात क्रमश ६६.२८%, ३२.२१% र १.५१% रहेको छ ।

| निक्षेप प्रकार | निक्षेप रकम | निक्षेपको अंश |
|---|---|---|
| मुद्दती बचत | २२,७५,७५,५९८ | ६६.२८% |
| ऐच्छिक बचत | ११,०६,०६,०६४ | ३२.२१% |
| क्रमिक बचत | ५१,७२,३५४ | १.५१% |
| **कुल बचत** | **३४,३३,५४,०१६** | **१००%** |

## ४. ऋण लगानी

यस आ.व. २०७९/०८० को अन्त्य सम्ममा थप ऋण रू. ३२,७२,२०,९१९ वृद्धि भई कुल लगानीमा रहेको बाँकी ऋण रू. ३८,५३,०९,१६९ रहेको छ । आ.व. २०७९/०८० को ऋणको वृद्धिदर ५५७.६८% रहेको छ ।

## ५. संस्थागत पुँजी

यस आ.व. २०७९/०८० को अन्त्य सम्ममा विभिन्न कोषहरूमा रहेको रकम सहित कुल संस्थागत पुँजी रकम रू.रहेको छ ।

| क्र.स. | कोष | रकम |
|---|---|---|
| १ | जगेडा कोष | ९,५५,१५७ |
| २ | घाटापूर्ति कोष | १,०६,७३८ |
| ३ | कुल रकम | १,०६१,८९६ |

## ६. तरलता

यस आ.व. २०७९/०८० को अन्त्य सम्ममा बैंक, वित्तीय संस्था र सहकारीहरूको कल/चल्ती, मुद्दती निक्षेप र यस संस्थामा नगद मौज्दातको रूपमा रहेको संस्थाको कुल तरलता रकम रू. ५,५७,९४,१०३ रहेको छ । कुल बचतको तुलनामा उक्त तरलता अनुपात १६.२५% रहेको देखिन्छ ।

## ७. लगानी

यस आ.व. २०७९/०८० को अन्त्य सम्ममा विभिन्न बैंक तथा वित्तीय संस्था, राष्ट्रिय सहकारी बैंक तथा अन्य सहकारीमा मुद्दती बचत, शेयर लगानी र नियमित बचत सहित संस्थाको लगानी हिसाबमा रहेको रकम यस प्रकार रहेको छ ।

| क्र.स. | संस्थाहरू | रकम | लगानी किसिम |
|---|---|---|---|
| १ | राष्ट्रिय सहकारी बैंक | २,००,००,००० | मुद्दती |
| २ | राष्ट्रिय सहकारी बैंक | १,००,००,००० | शेयर |
| ३ | आई.एम.ई कोओपोरेटिभ | ३,००,००,००० | मुद्दती |
| ४ | आई.एम.ई कोओपोरेटिभ | १०० | शेयर |
| | कुल रकम | ६,००,००,१०० | |

## ८. ब्याज आम्दानी

यस आ.व. २०७९/०८० को ऋण लगानी, बैंक तथा वित्तीय संस्थाबाट कुल रू. ६,०७,३१,७२७ ब्याज आम्दानी भएको छ ।

## ९. अन्य आम्दानी

यस आ.व. २०७९/०८० मा सदस्ता शुल्क, ऋण सेवा शुल्क, लगानीबाट लाभांश र कमिसन लगायत शीर्षकबाट कुल रू. ५३,३०,२३२ आम्दानी भएको छ । जुन गत वर्षको तुलनामा ४९७% को वृद्धि रहेको छ ।

## १०. कुल खर्च

यस आ.व. २०७९/०८० मा ब्याज खर्च, कर्मचारी खर्च, कार्यसञ्चालन खर्च सहित कुल खर्च रू. ५,५७,६१,१४५ रहेको छ । जुन गत वर्षको तुलनामा ४६८% को वृद्धि रहेको छ ।

## ११. खुद नाफा

यस संस्थाले आ.व. २०७९/०८० मा आयकर, कर्मचारी बोनश समायोजन पश्चात् रू. ५४,३०,५६४ खुद नाफा आर्जन गरेको छ ।

## १३. समिति तथा उपसमिति

यस संस्थामा गठन भएका समिति तथा उपसमितिहरू देहाय बमोजिम रहेको छ ।

| क्र.स. | समिति/उपसमिति | संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | ७ |
| २ | लेखा सुपरिवेक्षण समिति | २ |
| ३ | ऋण उपसमिति | ३ |
| ४ | पदपुर्ति उपसमिति | ३ |
| ५. | खरिद बिक्री उपसमिति | ३ |

## १४. कर्मचारी व्यवस्थापन

यस संस्थाको दैनिक कार्य सञ्चालनको लागि विभिन्न पदमा स्थायी र अस्थायी कर्मचारीहरू गरी २०८० असार मसान्तसम्म जम्मा १० जना कार्यरत छन् ।

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | प्रमुख कार्यकारी अधिकृत | १ |
| २ | अधिकृत | १ |
| ३ | सुपरभाईजर | १ |
| ४ | बरिष्ठ सहायक | २ |
| ५ | सहायक | ३ |
| ६ | कनिष्ठ सहायक | १ |
| ७ | कार्यालय सहयोगी | १ |
| जम्मा | | १० |

## १५. तालिम तथा क्षमता विकास कार्यक्रम

यस आर्थिक वर्षमा संस्थाले कर्मचारीहरूको क्षमता विकासका लागि आन्तरिक र बाह्य तालिम, गोष्ठीमा तपसिल बमोजिम सहभागी गराएको छ ।

| क्र.स. | कार्यक्रमको नाम | आयोजक | सहभागी |
|---|---|---|---|
| १. | SACCOS CEO's National Workshop 2023 | नेफ्स्कून | प्र.का.अ. |
| २. | PEARL Monitoring Training | राष्ट्रिय सहकारी महासंघ | कर्मचारी |
| ३. | प्रभावकारी कर्जा असुली | राष्ट्रिय सहकारी बैंक | कर्मचारी (जुम मार्फत) |
| ४. | सम्पत्ति सुद्धिकरण | आन्तरिक | कर्मचारी |

## १६. अन्य कार्यक्रम

यस संस्थाले विभिन्न संघ संस्थासँगको सहकार्यमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । The hope hermitage मा रहेको १८ जना वृद्धवृद्धाहरूलाई VG Foundation को सहकार्यमा खाघन्न उपलब्ध गराएको थियो । त्यस्तै २०७९ फाल्गुन ११ गते संस्था स्थापनाको १ वर्ष पुरा गरेको अवसरमा रक्तदान कार्यक्रम तथा R.B Diagnostic center pvt. Ltd, Gyaneshwor को सहकार्यमा निःशुल्क स्वस्थ्य जाँच शिविर सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा ६८ जनाले रक्तदान गरेका थिए ।

अन्त्यमा, विश्वमै देखिएको विभिन्न चुनौतीको कारण अझै केही वर्ष सहकारी क्षेत्रमा चुनौती रहने नै देखिन्छ । भर्खर पाइला सार्दै गरेको यस संस्थालाई आगामी दिनमा यहाँहरूबाट थप विश्वास, साथ, सहयोग र सुझाव सल्लाह अपेक्षा लिएका छौं । हामी प्रतिकुलताहरूलाई अनुकुलतामा बदल्ने सकारात्मक सोचका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौ । संस्थाको उन्नती प्रगतिको लागि सहयोग,सदभाव र मार्गनिर्देशित गर्न हुने शेयर सदस्यहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति अन्य उपसमितिका साथीहरू, संस्थाका कर्मचारी मित्रहरू, लेखापरीक्षक, स्थानीय निकाय, सहकारी विभाग, प्रदेश सहकारी विभाग, सहकारी बैंक, बैंक तथा वित्तीय संस्था, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने विभिन्न निकायहरू, शुभचिन्तक सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद दिँदै आजको यस सभामा निर्णयार्थ पेश गरिएको विभिन्न प्रतिवेदन तथा प्रस्तावहरूमा गहन छलफल र विचार बिमर्श गरी रचनात्मक सुझाव र सल्लाह सहित पारित गरिदिनु हुन बिनम्र अनुरोध गर्दै विदा हुन्छु ।

धन्यवाद ! जय स्वदेशी !!

.....................................

**महेश कुमार अग्रवाल**

**अध्यक्ष**

# स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि. को दोस्रो वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिका तर्फबाट संयोजक श्री सुजनश्रेष्ठ ज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन आ.व. २०७९/८०

अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, अतिथिगण, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, कर्जा उपसमिति र अन्य उपसमितिका सदस्यहरू, शेयर सदस्य महानुभावहरू, पत्रकार मित्रहरू, कर्मचारी साथीहरू र अन्य उपस्थित दाजुभाई, दिदीबहिनीहरूमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट न्यानो अभिवादन व्यक्त गर्दछु ।

विश्व बजारमा देखिएको मन्दी र देशकै अर्थतन्त्रमा देखिएको सिथिल्ताका कारण वित्तीय कारोवार उत्साहजनक रहेन । त्यस्तै, सहकारी क्षेत्रमा केही सहकारीहरूको गलत अभ्यासका कारण धेरै सदस्यहरूको निक्षेप जोखिममा परेको र सहकारी सञ्चालन र सेवा प्रवाह थप चुनौतीपूर्ण देखिएको छ । फलस्वरूप, लेखा सुपरिवेक्षण समितिको सुपरिवेक्षीय भूमिका झनै बढ्को छ । लेखा सुपरिवेक्षण समितिले सहकारी ऐन, नियमावलीले प्रदान गरेको काम, कर्तव्य र अधिकारको अधिनमा रही सञ्चालक समितिले गरेको नितिगत निर्णय, व्यवस्थापनको कार्यान्व्यन पक्षको निरिक्षण गरी संस्थागत सुशासन र पारदर्शिता सम्बन्धी प्रतिवेदन यस गरिमामय वार्षिक साधारण सभामा प्रस्तुत गरेका छौं ।

**आदरणीय सदस्यज्यूहरू,**

आ.व. २०७९/८० मा संस्थाले आन्तरिक लेखापरिक्षकको रूपमा के.जे. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् नियुक्ति गरी त्रैमासिक रूपमा आन्तरिक लेखापरिक्षण गरेको र लेखा सुपरिवेक्षण समितिले पनि सँगसँगै निरिक्षण गरेको कारण संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ हुँदै गएको देखिन्छ । सहकारीको मूल्य र मान्यताका आधारमा र प्रचलित कानुन तथा विनियममा व्यवस्था भएअनुसार, शेयर सदस्यहरूको सर्वाङ्गिण विकासका लागि सञ्चालक समितिबाट गरिएका विभिन्न निर्णय, वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा हुने खर्च सम्बन्धमा प्रचलित नियम विनियम अनुसार भए नभएको एकीन गरी कागजातहरूको अध्ययन तथा जाँचबुझ गरेका छौं । यसर्थ, हामीले स्वतन्त्र रूपमा गरेको निरिक्षण प्रतिवेदन लेखा सुपरिवेक्षण समितिको तर्फबाट तयार गरिएको प्रतिवेदन यहाँहरू समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. खर्चका भौचरहरूको जाँचबुझ गर्दा खर्च तथा आम्दानीहरू नियमसँगत प्रचलित कानुन बमोजिम लेखांकन गरेको पाएका छौं ।

२. प्रथम वार्षिक साधारण सभाले गरेका निर्णयहरूको कार्यान्वयनको अवस्था सन्तोषकजनक रहेको देखिन्छ ।

३. आ.व. २०७९/८० मा संस्थाले तय गरेको वार्षिक योजना, कार्यक्रम एवं बजेट अधिकांश कार्यान्व्यनमा रहेको देखिन्छ । तथापी, प्रविधिको विकास तथा विस्तारमा जोड दिई Swadeshi MOBILE APP र कोप कार्ड ATM CARD सञ्चालनमा ल्याउने योजना कार्यान्व्यनमा नआएकोले चाडो ल्याउन सुझाव दिइन्छ ।

४. सञ्चालक समितिले गरेका हरेक निर्णयहरू Action Taken report मार्फत अघिल्लो बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्थाबारे जानकारी लिने व्यवस्था रहेकोले निणर्यहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक र सहकारी मुल्य, मान्यता र सहकारी नियम अनुसार नै रहेको पाएका छौं ।

५. संस्थाले विनियम, आन्तरिक कार्यविधिहरूको पालना गरेको पाएका छौ । नयाँ आन्तरिक कार्यविधिहरू दोस्रो वार्षिक साधारण सभामा प्रस्तुत गरी पारित गर्ने तयारी रहेको दखियो ।

६. संस्थाले सञ्चालक समितिबाट निर्णय गरी वर्तमान परिस्थतिलाई मुल्यांकन गर्दै आवश्यक ब्याजदर निर्धारण गरी सहकारी नीति नियमभित्र रेहेर बचत संकलन गरेको देखिन्छ ।

७. संस्थाले ऋण लगानी तथा असुली आन्तरिक कार्यविधि अनुरूप अर्थतन्त्रको वर्तमान अवस्थालाई मध्यनजर गर्दै ऋर्ण प्रवाह र नोक्सानी व्यवस्था गरेको देखिन्छ ।

८. यस संस्थाको आ.व. २०७९/८० मा तरलता तोकिएको प्रतिशत भन्दा माथि रेहको देखिन्छ ।

**सुझाव,**

यस संस्थाले छोटो समयमै आफनो वित्तीय आकार ठुलो बनाउँदै लगेकाले यस संग सम्बन्धित अन्तरनिहित विभिन्न खाले जोखिमहरू पनि सँगसँगै बढ्दै जाने भएकोले त्यसलाई कम गर्न आवश्यक नीति, कार्यविधि तर्जुमा गरी लागु गर्नु उपयुक्त देखिन्छ । संस्थाको उद्देश्य तथा प्रकृति बहुउद्देश्यीय रहेको हुनाले संस्थाको कारोवारलाई विविध क्षेत्रमा विविधिकरण गरी संस्थालाई बचत तथा ऋणमा मात्र सिमित नगरी उत्पादन, सेवा तथा रोजगारीसँग जोड्ने खाल्का कार्यक्रमहरू गर्न सुझाव प्रदान गर्दछौं । त्यस्तै, संस्थामा सदस्य भएको ३ महिना अवधि पुगेको सदस्यहरूलाई मात्र ऋण लगानी गर्ने व्यवस्था गर्न सुझाव गर्दछौ ।

अन्त्यमा, संस्थाको प्रगतिको लागि सम्पूर्ण शेयर सदस्यहरू, सञ्चालक समिति, अन्य समिति र उपसमिति तथा कर्मचारी वर्गहरूले देखाउनु भएको चासो अत्यन्तै सराहनीय छ । त्यस्तै संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने सर्न्दभमा लेखा समितिलाई गर्नु भएको सहयोग प्रति सञ्चालक समिति, उपसमितिहरू र संस्थाका कार्यकारी प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरूलाई म लेखा समितिको तर्फबाट धन्यवाद व्यक्त गर्दै लेखा समितिको यो प्रतिवेदन पारित गरियोस् भनी आदरणीय शेयर सदस्यज्यूहरू समक्ष प्रस्ताव गर्दछु ।

धन्यवाद !

जय सहकारी ! जय स्वदेशी !!

| | |
|---|---|
| **१. सुजन श्रेष्ठ** | **संयोजक** |
| **२. राकेश महतो** | **सदस्य** |
| **३. मिलन नापित** | **सदस्य** |

# स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.को दोस्रो वार्षिक साधारण सभामा कोषाध्यक्ष श्री हेमन्त नहटाज्यूद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक लक्ष्य, बजेट र योजना तथा कार्यक्रम

आदरणीय अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, तथा शेयर सदस्य महानुभावहरू नमस्कार ।

अब, म यहाँहरू समक्ष यस संस्थाको आ.व. २०८०/८१ को वार्षिक लक्ष्य, बजेट र योजना तथा कार्यक्रम निर्णयार्थ पेश गर्न चाहन्छु ।

## क. आर्थिक वर्ष २०८०/०८१ का लागि लक्ष्य एवम बजेटः

### १. व्यवसायिक लक्ष्य

पूर्ण रकम

| क्र.स | विवरण | एकाई | २०८० असारको वास्तविक | २०८०/०८१ मा थप गर्ने | २०८१ असार सम्मको प्रक्षेपित |
|---|---|---|---|---|---|
| १. | कार्यक्षेत्र (जिल्ला) | संख्या | १ | २ | ३ |
| २. | सेवा केन्द्र | संख्या | ० | २ | २ |
| ३. | सदस्य संख्या | संख्या | ७५५ | ३६० | १,११५ |
| ४. | चुक्ता शेयर पुँजी | रू. | ९,९१,५२,२०० | ८५५०० | ९,९२,३७,७०० |
| ५. | निक्षेप संकलन | रू. | ३४,३३,५४,०१६ | १३,८६,००,००० | ४८,१९,५४,०१६ |
| ६. | लगानीमा रहेको ऋण | रू. | ३८,५३,०९,१६९ | १३,२०,००,००० | ५१,७३,०३,१६९ |
| ७. | कुल सम्पत्ति | रू. | ४५,७९,२४,३८१ | २१,२७,२२,००० | ६७,०६,४६,३८१ |
| ८. | निक्षेप तथा शेयरमा लगानी | रू. | ६,००,००,१०० | ८,००,००,००० | १४,००,००,१०० |
| ९. | भाखा नाघेको ऋण | रू. | ३,५०,००,००० | (२,५०,००,०००) | १,००,००,००० |
| १०. | खुद नाफा | रू. | ५४,३०,५६४ | ११,११०,९७३ | ११,११०,९७३ |

### २. आम्दानी तथा खर्च बजेट

पूर्ण रकम

| क्र.स | विवरण | २०८० असारसम्मको वास्तविक | २०८१ असारसम्मको प्रक्षेपित |
|---|---|---|---|
| १. | ऋण लगानीमा ब्याज आम्दानी | ४,०४,३५,५०९ | ६,४३,४२,७२७ |
| २. | बैंक तथा वित्तीय संस्थाबाट ब्याज आम्दानी | २,०२,९६,२१८ | १,३८,६५,८८९ |
| ३. | अन्य आम्दानी | ५३,३०,२३२ | ७७,६२,३५१ |
| ४. | निक्षेपमा ब्याज खर्च | ४,३०,६१,०५५ | ५,४४,०४,७४२ |
| ५. | बाह्य ऋणमा ब्याज खर्च | १,४५,४२० | १५,००,००० |
| ६. | कर्मचारी खर्च | ५२,५१,९०४ | ५८,४२,००३ |
| ७. | कार्य सञ्चालन खर्च | ५६,२४,१५६ | ५,८२१,३९० |
| ८. | ह्रासकट्टी खर्च | १७,१०,६९९ | १,६५०,९२५ |
| ९. | कर्जा नोक्सानी व्यवस्था | ३२,६६,३४२ | १,३२०,००० |
| १०. | खुद नाफा | ५४,३०,५६४ | ११,११०,९७३ |

## ख. वार्षिक योजना तथा कार्यक्रम

आ.व. २०८०/०८१ को वार्षिक कार्ययोजना तथा कार्यक्रम यस प्रकारको रहनेछ ।

- संस्थाको कार्यक्षेत्र विस्तारको लागि आवश्यक अध्ययन गरी नियमन निकायमा स्वीकृतिको लागि पेश गर्ने कार्य गरिनेछ ।
- चालू आर्थिक वर्षमा सेवा केन्द्रहरू स्थापना गरी वित्तीय सेवा विस्तार गरिनेछ ।
- यस आर्थिक वर्षमा संस्थाको सुचना प्रविधिलाई थप मजवुद गर्दै स्वदेशी मोबाईल बैकिङ्ग सेवा सुचारू गर्ने र कार्यालय परिसरमा १ वटा ATM को व्यवस्था गर्ने गरी कार्य अघि बढाइनेछ ।
- संस्थामा सदस्यहरूलाई अन्य विभिन्न सेवाहरू दिन आन्तरिक कार्यविधि तयार गरिनेछ ।
- ऋण लगानीमा विविधीकरण गरी बढी भन्दा बढी सदस्यलाई सेवा दिन सानो तथा मध्यम किसिमको कर्जा लगानीको व्यवस्था गरिनेछ ।
- सदस्यको माग तथा अवश्यकतालाई मध्यनजर गरी बचतको प्रोडक्टहरू थप्दै लगिनेछ ।
- विगतमा झैं संस्थाले विविध संस्थागत सामाजिक कार्यहरू गरी समाजमा सकारात्मक सन्देश दिने विभिन्न कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
- सदस्य शिक्षा कार्यक्रम तथा कर्मचारी तालिम सञ्चालनलाई प्राथामिकता दिइनेछ ।

धन्यवाद ।

जय स्वदेशी

स्वदेशी बहुउद्देश्यीय
सहकारी संस्था लिमिटेड
काठमाडौं

**S.B.K.C & ASSOCIATES**
Chartered Accountants

**शेयरधनी महानुभावहरू,**
**स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**नक्साल, काठमाडौं**

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### लेखापरीक्षकको राय

हाम्रो रायमा, **श्री स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** को २०८०/०३/३१ (१६ जूलाई २०२३) को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको आय व्यय विवरण, इक्विटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरूले सो मितिको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको आय व्यय, नगद प्रवाह र कोषहरूको उचित र यथार्थ चित्रण गर्दछ ।

### रायको आधार

हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौ । उक्त नेपाल लेखापरीक्षणमान बमोजिम हाम्रो दायित्वको बारेमा यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको जिम्मेवारी" शर्षिक अन्तर्गत थप उल्लेख गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखापरीक्षकको निम्ति जारी गरेका आचार संहिता बमोजिम हामी यस सहकारी संस्थाबाट स्वतन्त्र रहनुका साथै लेखापरिक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरू हाम्रो मन्तव्यलाई पर्याप्त तथा उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा जारी गरिएको लेखा नीति, लेखा सूची र लेखा मापदण्ड, २०७६ र लागु भएको हकसम्मका नेपाल लेखामान बोर्डद्वारा जारी भएको नेपाल लेखामान (Nepal Accounting Standard) अनुरूप वित्तीय विवरणहरू यथार्थ र उचित चित्रण हुने गरी तयार एवं प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरूको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरू पर्दछन् ।

S.B.K.C. & Associates Chartered Accountants Lalitpur, Nepal

वित्तीय विवरणहरू तयार गर्दा निरन्तरताको अवधारणा (Going Concern) सम्बन्धी संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसार निरन्तरताको अवधारणा सम्बन्धी व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएका बाहेक Going Concern सम्बन्धी लेखाको आधार प्रयोग गर्नु पर्दछ ।

संस्थाको वित्तीय प्रतिवेदन प्रक्रिया सम्बन्धी निरिक्षण गर्ने जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

**वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरिक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरिक्षणमान अनुसार लेखापरिक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन ।

त्रुटीहरू जालसाजी वा गल्तीबाट निम्तिन्छ र ती त्रुटीहरूको भौतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ ।

**लेखापरिक्षकको जिम्मेवारी सम्बन्धी अन्य पक्षहरू :**

नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेका छौं ।

१. वित्तीय विवरणहरू जालसाजी या भूलबाट हुनसक्ने भौतिक सारभूत त्रुटीहरूको पहिचान र जोखिमको मुल्यांकन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरू केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रक्रियाहरू अवलम्बन गरेका छौं । (भूलबाट हुने त्रुटीभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता लगाउने जोखिम अधिक हुन्छ ।)
२. आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई निकाय सुहाउँदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं ।
३. व्यवस्थापनले तयार गरेका लेखा नीति, लेखा अनुमान एवं वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मुल्यांकन गरेका छौं ।
४. व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरूको आधारमा मुल्यांकन गरेका छौं । मुल्यांकन गर्दा लिएका आधारहरूको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरूमा अविछिन्नता रहने कुराको आश्वाशन दिन सकिदैन ।

S.B.K.C. & Associates
Chartered Accountants
Lalitpur, Nepal

५. स्वतन्त्रता एवं नैतिक आवश्यकताहरूको पूर्ण रूपले पालना गरिएको र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सवै सम्बन्धहरू र अन्य विवरणहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्ने विवरणहरूलाई निराकरण गर्ने उपायहरू शसकीय व्यवस्था वहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।
६. संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य, मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी सम्बन्धी कानुनको पालना गरेको नगरेको निरीक्षण गरेका छौं ।
७. संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरूको पालना गरे नगरेको निरीक्षण गरेका छौं ।
८. लेखापरीक्षक नियुक्तिमा स्वीकृति दिंदा सहकारी कार्यालयले दिएको निर्देशनको पालना गरेका छौं ।
९ . वित्तीय विवरणहरूको समग्र ढाँचा लेखा नीति एवं टिप्पणीहरूको उचित प्रस्तुति रहेको छ ।

**अन्य कानुनी र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा देहाय वमोजिमको प्रतिवेदन पेश गर्दछौं :

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ साथै माग गरेका विवरणहरू पाएका छौं ।
२. संस्थाको लेखा दोहोरो लेखा प्रणालीमा आधारित भएतापनि कम्पनी ऐनले तोके बमोजिम संस्थाको कोरोवारको यथार्थ स्थिति स्पष्ट रूपमा प्रतिविम्बित हुने गरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (NAS) बमोजिम लेखा राखेको पाइयो ।
३. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित आषाढ ३१, २०८० को संस्थाको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण, नगद प्रवाह विवरण, लेखा सम्बन्धी विवरण र संलग्न अनुसूचीहरू संस्थाले राखेको हिसाब किताब बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।
४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरू एवं संस्थाको खाताहरूको परिक्षण गर्दा संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरू वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

S.B.K.C. & Associates
Chartered Accountants
Lalitpur, Nepal

सि.ए. सुरेन्द्र बहादुर के.सी.
प्रोप्राइटर
एस.बि.के.सी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
ललितपुर

मिति : २०८०/०५/०६
UDIN : 230823CA00822rvjtd

# स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.

का.म.न.पा.-१, नक्साल, काठमाडौं

२०८० साल आषाढ मसान्तको

## वित्तीय स्थिति विवरण

| पुँजी तथा दायित्व | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. शेयर पुँजी | १ | ९९,१५२,२०० | ७५,०७०,८०० |
| २. जगेडा तथा कोषहरू | २ | ३,८२०,६३० | (१,६०९,९३४) |
| ३. तिर्न बाँकी ऋण तथा सापटी | ३ | ८,२५९,००० | - |
| ४. बचत तथा निक्षेप | ४ | ३४३,३५४,०१६ | ३०७,७८६,१७७ |
| ५. पुँजीगत अनुदान | | - | - |
| ६. दीर्घकालिन दायित्व | | - | - |
| ७. आयकर दायित्व | | - | - |
| ८. चालू दायित्व तथा व्यवस्था | ५ | ३,३३८,५३६ | ८२०,९२४ |
| **कुल पुँजी तथा दायित्व** | | **४५७,९२४,३८१** | **३८२,०६७,९६७** |

| सम्पत्ति | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. नगद मौज्दात | ६ | ९७२,९१४ | २७४,४२१ |
| २. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ७ | ४,८२१,१८९ | ९३,९९४,९८२ |
| ३. लगानी | ८ | ६०,०००,१०० | २२०,०००,००० |
| ४. कर्जा सापट तथा लगानी | ९ | ३८१,४५६,०७७ | ५८,०८८,२५० |
| ५. स्थिर सम्पत्ति | १० | ६,६८०,५८३ | ८,११०,०७८ |
| ६. अदृश्य सम्पत्ति | १० | १५४,२४९ | १९०,९६६ |
| ७. अन्य दीर्घकालिन सम्पत्ति | | - | - |
| ८. चालू सम्पत्ति | ११ | ३,८३९,२७० | १,२५१,८५४ |
| ९. स्थगन कर सम्पत्ति | | - | १५७,४१६ |
| **कुल सम्पत्ति** | | **४५७,९२४,३८१** | **३८२,०६७,९६७** |

लेखासम्बन्धी टिप्पणीहरू २१

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

महेश कुमार अग्रवाल
अध्यक्ष

सुमन गौतम
उपाध्यक्ष

आशिष कुमार अग्रवाल
सचिव

हेमन्त नहाटा
कोषाध्यक्ष

सुरेन्द्र बहादुर के.सी., सि.ए.
प्रोप्राइटर

भोलानाथ कँडेल
सञ्चालक सदस्य

पुरूषोतम कु. अग्रवाल
सञ्चालक सदस्य

सुरेश कु. अग्रवाल
सञ्चालक सदस्य

राजन मगर
प्र.का.अ.

एस.बि.के.सी एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स

(S.B.K.C. & Associates, Chartered Accountants, Lalitpur, Nepal)

मिति : २०८०/०५/०३
स्थान : नक्साल-१, काठमाडौं

# स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.

का.म.न.पा.-१, नक्साल, काठमाडौं

२०७९ श्रावण १ देखि २०८० आषाढ ३१ सम्म

## कार्य सञ्चालन विवरण

| विवरण | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| **क. वित्तीय कारोवारबाट आम्दानी/(खर्च)** | | | |
| १. ब्याज आम्दानी | १२ | ४०,४३५,५०९ | १,४७७,६९२ |
| २. ब्याज खर्च | १३ | ४३,२०६,४७५ | ६,३९०,३९७ |
| **वित्तीय कारोवारबाट खुद आम्दानी/(खर्च)** | | (२,७७०,९६६) | (४,९१२,७०६) |
| **ख. उत्पादन सम्बन्धित कारोवारबाट आम्दानी** | | | |
| ३. बिक्रीबाट आम्दानी | | - | - |
| ४. व्यापारिक छुट दिएका | | - | - |
| **बिक्रीबाट खुद आम्दानी** | | - | - |
| ५. बिक्री गरिएका वस्तुको लागत | | | - |
| **उत्पादन कारोवारबाट खुद आम्दानी/(खर्च)** | | - | - |
| **ग. उपभोक्ता सम्बन्धी कारोवारबाट आम्दानी** | | - | - |
| ६. बिक्री आम्दानी | | - | - |
| ७. व्यापारिक छुट दिएका | | - | - |
| **बिक्रीबाट खुद आम्दानी** | | - | - |
| ८. बिक्री गरिएका वस्तुको लागत | | | |
| **उपभोक्ता सम्बन्धी कारोवारबाट खुद आम्दानी/(खर्च)** | | - | - |
| **घ. श्रमिक सेवा सम्बन्धी कारोवारबाट आम्दानी** | | | |
| ९. सेवा/वस्तु बिक्रीबाट आम्दानी | | | - |
| १०. बिक्रीमा दिएको व्यापारिक छुट | | - | - |
| **बिक्रीबाट खुद आम्दानी** | | | - |
| ११. बिक्री गरिएका सेवा/वस्तुको लागत | | | |
| **श्रमिक सम्बन्धी कारोवारबाट खुद आम्दानी/(खर्च)** | | - | - |
| **सम्पूर्ण उद्देश्यबाट प्राप्त कुल बचत/(नोक्सान) (क+ख+ग+घ)** | | (२,७७०,९६६) | (४,९१२,७०६) |
| १२. अन्य आम्दानी | १४ | ५,३३०,२३२ | ८९२,८०७ |
| १३. बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | १५ | २०,२९६,२१८ | ६,२६८,२१९ |
| **कुल सञ्चालन आम्दानी** | | **२२,८५५,४८५** | **२,२४८,३२०** |
